# भूमिका

सन् २०२१ को सत्ता राजनीतिमा मानिसहरूले कसरी दिन बिताए? नाफा, विशेषाधिकार र पदको लागि विश्वमा भइरहेको अराजक प्रतिस्पर्धाको बीचमा के अधिकारहरूलाई अझ राम्रोसँग परिपालना गरिएको थियो? कोभिड-१९ महामारी जारी रहेको र द्वन्द्वहरू गहिरिँदै गइरहेको अवस्थामा के अधिकार धारकहरूलाई अझ राम्रोसँग पहिचान, सम्मान र संरक्षण गरिएको थियो?

सन् २०२१ मा मिठा नाराहरू मन्त्रका रूपमा रहेका थिए: “हामी अझ राम्रोसँग पुनर्निर्माण गर्नेछौं”। अनेक वाचाहरू पनि गरिएका थिए: अर्थतन्त्रको "विश्वव्यापी पुनर्संचालन"को वाचा, कर्पोरेट जगतको दुर्व्यवहारलाई न्यूनीकरण गर्नका लागि विश्वव्यापी "साझा एजेण्डा"को वाचा, दिगो र हरित पुनर्प्राप्तिको वाचा, परिवर्तनकारी वैश्विक ऐक्यबद्धताको वाचा। तर ती नाराहरूको कुनै अर्थ नरहेको, ती वाचाहरूलाई पुरा नगरिएको र धेरै मानिसहरूलाई धेरै ठाउँमा पटक पटक निराश पारिएको देखिएको छ।

अरू विकल्पहरूको सामना गर्दै गर्दा सरकारहरूले हामीमध्ये धेरैलाई मर्यादा र अधिकारबाट झन झन टाढा पुर्याउने खालका नीति छनौट गर्ने र त्यस्तै मार्गहरू पछ्याउने कार्य गरे। महामारीलाई डोराएको प्रणालीगत असमानतालाई क्रमबद्ध रूपमा घटाउनुको साटो थप गहिराइएको थियो। स्वास्थ्य हेरचाहको पहुँचलाई फराकिलो बनाउन सक्ने स्वास्थ्य सेवा र आपूर्तिहरूको सीमावारपारको प्रवाह प्रायः हुन सकेन। थप प्रकोप रोक्न र मानवअधिकार संकट न्यूनीकरणका लागि आवश्यक अन्तर्सरकारी सहयोग विरलै पूरा भएको छ।

एक वर्ष पहिले एम्नेस्टीको वार्षिक प्रतिवेदनको लागि मेरो पहिलो भूमिका लेख्दै गर्दा मैले सन् २०२१ मा विभिन्न देश र जनताहरूले कोभिड-१९ ले पैदा गरेको क्षतिबाट समावेशी पुनःप्राप्तिको बाटोमा अगाडि बढ्ने आशा गरेको थिएँ। अभूतपूर्व गतिमा प्राप्त भइरहेका वैज्ञानिक सफलताहरूको साथ महामारीलाई अन्त्य गर्ने कुरा हाम्रै पहुँचमा आइरहेकोले यस्तो गर्न सम्भव देखिन्थ्यो। त्यसो भए के गलत भयो त ?

हामीलाई साँचो र अर्थपूर्ण विश्वव्यापी शासनप्रणाली दिनुको सट्टा विश्वका नेताहरू राष्ट्रिय स्वार्थका गुफाहरूमा सीमित भएका छन्। धेरै मानिसहरूलाई बढी भन्दा बढी सुरक्षा प्रदान गर्नुको सट्टा नेताहरूले हामीलाई असुरक्षा र कहिलेकाहीं त युद्धको खाडलमा धकेले। हामीलाई विभाजित गर्ने अभ्यास र रणनीतिहरूलाई निर्मूलीकरण गर्नुको सट्टा नेताहरूले हाम्रो देशहरूलाई सम्पत्ति र स्रोत साधनको स्व-पराजित हुने प्रतिस्पर्धा र द्वन्द्वहरूमा ल्याए। समानताको विश्वव्यापी मानवअधिकार मापदण्डलाई कायम राखुको सट्टा जातिवादले अन्तर्राष्ट्रिय प्रणालीको कार्यमा थप प्रश्रय पायो र यसले को बाँच्ने र को नबाँच्ने भन्ने कुराको मात्र निर्धारण गरेन बलकी कसको जीवन महत्त्वपूर्ण छ र कसको जीवन महत्त्वपूर्ण छैन भनी तय गरिने क्रूर मानव इतिहासलाई नै बढावा दियो।

सन् २०२१ उपचार र स्वास्थ्यलाभको वर्ष हुनुपर्थ्यो। यस्तो नभएर सन् २०२१ र सन् २०२२ का लागि मात्र नभएर आगामी दशककै लागि यो वर्ष **थप असमानता र अस्थिरताको एउटा *इन्क्यूबेटर* बन्न पुग्यो।**

सन् २०२१ को कोभिड-१९ सङ्क्रमण र यसबाट भएको बिमार र मृत्युको अत्यधिक धेरै तरंगलाई भविष्यवाणी गर्न सकिने थियो र त्यसलाई टार्न पनि सकिने थियो। जसै धनी देशका सरकारहरूले खोप वितरण सुरू गर्न लागेकोमा आफैंलाई बधाई दिए तर वर्षको अन्त्यमा उनीहरूको व्यापक खोप राष्ट्रवादले आधा भन्दा बढी संसारलाई खोपरहित वा आंशिक रूपमा मात्र खोप लगाएको अवस्थामा छाडेको थियो। खोपको न्यून दरका कारण नयाँ भेरियन्टहरू फैलिएर हामी सबैलाई खोप-प्रतिरोधी उत्परिवर्तनको जोखिममा पुर्याउँदै महामारी लम्बिन पुगेको थियो। ग्लोबल साउथका लाखौं गम्भीर बिरामी वा मृत्युको जोखिममा रहेकाहरूले समेत खोपको पहिलो मात्रालाई अझै पर्खिरहेको अवस्थामा धनी राष्ट्रका नागरिकहरूलाई भने खोपको बुस्टर डोज पनि दिइएको थियो। सेप्टेम्बरमा एम्नेस्टी

इन्टरनेसनलले विकसित देशहरूमा आधा अरब अतिरिक्त खोप रहेको तथ्य फेला पारेको थियो जुन विश्वका अति कम खोप प्रदान गरिएका राष्ट्रहरूलाई पूर्ण रूपमा खोप लगाउन पर्याप्त छ। उनीहरूले म्याद सकिने गरी यसरी अतिरिक्त खोपहरू लुकाएर राख्नु नैतिकताविहीन संसारको एउटा डरलाग्दो लक्षण थियो र यसले आफ्नो बाटो बिराएको संसारलाई इङ्गित गर्दछ। कम्पनीका सीईओ र लगानीकर्ताहरूले ठूलो नाफा कमाइरहँदा खोपको सख्त आवश्यकता भएकाहरूलाई पर्खन भनियो। र यसको अर्थ उनीहरूलाई तिमीहरू मर भने सरह हो।

कोभिड-१९ महामारीका बीचमा नयाँ द्वन्द्वहरूको बिजारोपण गरियो र नसुल्झिएका द्वन्द्वहरू थप गहिरिए। अफगानिस्तान, बुर्किना फासो, इथियोपिया, इजरायल/प्यालेस्टाइन, लिबिया, म्यानमार र यमन जस्ता केही थोरै देशको मात्रै नाम लिने हो भने पनि द्वन्द्वका कारण ठूलो मात्रामा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनको उल्लङ्घन भएको छ। धेरै थोरै द्वन्द्वरत अवस्थामा मात्रै आवश्यक अन्तर्राष्ट्रिय प्रतिक्रिया प्राप्त भएको छ र अत्यन्तै थोरै मुद्दाहरूमा मात्र न्याय र जवाफदेहिता प्रदान गरिएको छ। बरु द्वन्द्व बढेको छ। समय बित्दै जाँदा यसको प्रभाव थप नराम्रो भएको छ। हस्तक्षेप गर्ने पक्षहरूको संख्या र विविधता बढेको छ। द्वन्द्वका नयाँ रङ्गमञ्चहरू खुलेका छन्। नयाँ हतियारहरूको परीक्षण गरिएको छ। थप मृत्यु र हताहतिहरू गराइएको छ। जीवनलाई सस्त्याइएको छ।

विश्वको मक्किंदो व्यवस्था अफगानिस्तानमा जति अन्यत्र कतै उदाङ्ग भएन जहाँ सबै अन्तर्राष्ट्रिय सेनाको फिर्ती, सरकारको पतन र तालिबानद्वारा देशको कब्जापछि मानवअधिकार र प्रजातान्त्रिक मूल्यको लडाईंको अग्रपंक्तिमा रहेका अफगानी महिला र पुरुषहरूलाई आफ्नो बन्दोवस्त आफै गर्नका लागि नितान्त एक्लै छाडिएको थियो।

यसैबीच, महामारीको लागि विश्वव्यापी प्रतिक्रिया निर्माण गर्नमा भएको विश्वव्यापी असफलताले झन ठूलो द्वन्द्व र अन्यायको बीजारोपण गरेको छ। बढ्दो गरिबी, खाद्य असुरक्षा र असहमति तथा विरोधलाई दमन गर्नका लागि महामारीलाई सरकारद्वारा गरिएको औजारिकरणलगायतका सबै कुरा सन् २०२१ मा राम्रोसँग रोपिएको थियो जसलाई खोप राष्ट्रवादले सिंचित गरेको थियो र धनी देशहरूको लोभ र लालचले उर्बरता प्रदान गरेको थियो।

सन् २०२१ को यस्तै विरासत कोप २६ (COP26) जलवायु सम्मेलनमा पनि स्पष्ट देखियो। अल्पकालीनताबाट ग्रसित र स्वार्थले बिथोलिएको पन्ध्र दिन लामो वार्ता विश्वासघातमा समाप्त भयो। विनाशकारी जलवायु तापक्रम वृद्धिलाई रोक्नको लागि सम्झौता गर्न विफल भएर सरकारहरूले आफ्ना जनतालाई धोका दिए। यसबाट मानवताको ठूलो हिस्सालाई पानीको अभाव, चरम गर्मी, बाढी र भोकमरी ग्रस्त भविष्यमा धकेलिन बाध्य पारियो। आफ्नो सीमामा आएका आप्रवासीहरूलाई फर्काउने गरेका तीनै सरकारहरूले सुरक्षा र राम्रो जीवनयापनको खोजीमा लाखौंलाई आफ्नो घर छोड्न बाध्य पारे। धान्नै नसिकने तहको ऋणले धरासायी हुन पुगेका देशहरू घातक वातावरणीय परिवर्तनलाई सामना गर्नका लागि पर्याप्त जलवायु वित्त नभएको अवस्थाबाट गुज्रिए।

सन् २०२१ मा जातिवादी नीति र विचारधाराको स्वीकार्यतालाई थप मलजल प्रदान गरियो र यस्तो अभ्यासले लाखौंलाई जीवनको किनारामा बाँच्न बाध्य तुल्यायो। खोप उत्पादकहरूले कम आय भएका देशहरूसँग आफ्नो ज्ञान र प्रविधिलाई साझेदारी गर्न गरेको निरन्तरको इन्कारीमा हामीले यस्तो अभ्यासलाई देख्यौं जसले खोप अभावको खाडललाई बन्द गर्न आवश्यक पर्ने खोप उत्पादनको विस्तारलाई रोकेको थियो। खोप उत्पादनलाई वृद्धि गराउन सक्ने प्रस्तावित "*ट्रिप्स वेभर*" जस्ता वैश्विक पहलहरूमा सहयोग गर्न धेरै धनी सरकारहरूद्वारा व्यक्त अस्वीकृतिमा पनि यो अभ्यासलाई हामीले देख्यौं। "मृत्युको जोखिम" लाई ठूलो सङ्ख्याको शरणार्थी, आप्रवासी, आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू र शरणको खोजीमा रहेकाहरूलाई रोक्ने एउटा स्वीकार्य अवरोधकका रूपमा लिन मिल्ने आधार मानेर तय गरिएका सरकारी नीतिहरू हामीले देख्यौं। यी नीतिहरू जीवन बचाउन खोज्नेहरूलाई अपराधीकरण गर्ने हदसम्मका थिए। हामीले यसलाई बारम्बार सार्वजनिक राजनीतिक बहसको उदयमा देख्यौं जुन अल्पसंख्यकहरूलाई दानवीकरण गर्ने, नक्षवाद र लिङ्गवादबाट संरक्षण गर्ने विश्वव्यापी अधिकार, मान्यता र

मापदण्डहरूको विरुद्धमा स्वतन्त्रताका स्वेच्छाचारी विचारहरू ("घृणा गर्ने स्वतन्त्रतासहित") लाई उठाउने हदका थिए। महिला र बालिकाहरूका लागि भयानक परिणामसहितका यौनिक र प्रजनन स्वास्थ्य अधिकारका अत्यावश्यक सेवाहरूलाई फिर्ता लिने कार्यमा पनि हामीले यो कुरा देख्यौं।

यदि सन् २०२१ मा सत्तामा रहेकाहरूमा मानवताका गम्भीर चुनौतीहरूलाई सामना गर्ने महत्वाकांक्षा र कल्पनाको कमी भएमा उनीहरूले प्रतिनिधित्व गरेका मानिसहरूका सवालमा पनि त्यस्तै हो भन्न सकिँदैन। सन् २०२१ मा संसारभरका मानिसहरू आफ्नो अधिकारको लागि मात्र नभई सबैको अधिकारको लागि ऐक्यबद्धतामा खडा भए। उनीहरूले राम्रो संस्था, न्यायपूर्ण कानुन र न्यायपूर्ण समाजको माग गरेका छन्। नोबेल समितिले फिलिपिन्सका मारिया रेसा र रुसका दिमित्री मुराटोभलाई आफ्नो देशमा भएको भ्रष्ट नेतृत्व र प्रेस प्रतिबन्धहरूको विरुद्ध देखाएको साहसी अडानका लागि सन् २०२१ को नोबेल शान्ति पुरस्कार प्रदान गर्दा त्यो समर्पण र दूरदृष्टिको साहसी उदाहरणहरूलाई मान्यता दिएको छ।

अधिकारीहरूको क्रूर दमनका बीच र विरोध गर्ने अधिकारलाई अस्वीकार गर्न महामारीलाई भ्रमको तुवाँलोको रूपमा कहिलेकाहीं प्रयोग गर्ने सरकारहरूको सामना गर्दा पनि संसारभरका मानिसहरू जागे। सन् २०२१ मा कम्तिमा ६७ वटा देशहरूले अभिव्यक्ति स्वतन्त्रता, सभा गर्ने स्वतन्त्रता र सङ्गठन खोल्ने स्वतन्त्रतालाई प्रतिबन्ध गर्ने नयाँ कानूनहरू ल्याए।

तैपनि मानिसहरू आफ्नो आवाज बुलन्द पार्नबाट पछि हटेनन्। ८० भन्दा बढी देशहरूमा मानिसहरू ठूलो संख्यामा विरोध प्रदर्शनका लागि उत्रिए। अभूतपूर्व संख्यामा सामूहिक स्वेच्छाचारी गिरफ्तारी गरिएको र अभियोगहरू लगाइएको अवस्थामा पनि रूसमा विपक्षी नेता एलेक्सी नाभाल्नीको समर्थनमा जुलुसहरू अगाडि बढे। भारतका किसानहरूले डिसेम्बरसम्म तीन विवादास्पद कृषि कानुनको विरुद्धमा प्रदर्शन गरे र परिणामस्वरूप भारतको संघीय सरकारले जनदबावको विवेकका अगाडि झुक्दै उक्त कानूनलाई खारेज गर्‍यो। सन् २०२१ भरी कोलम्बिया, लेबनान, म्यानमार, सुडान, थाइल्याण्ड, भेनेजुएला र धेरै देशहरूमा मानिसहरू जागरूक भइरहे।

सन् २०२१ मा विश्वभरका वकिल, शिक्षाविद्, गैरसरकारी संस्था, पीडित र उनीहरूका परिवारले मानवअधिकार उल्लङ्घन, युद्ध अपराध र मानवता विरुद्धको अपराधमा न्यायको लागि अथक प्रयास गरे। केही ऐतिहासिक निर्णयहरू पनि हाँसिल भएका थिए। फेब्रुअरीमा लन्डनमा रहेका एकजना कानूनका प्राध्यापकको सहयोगमा दुई साहसी भियतनामी बालकले बेलायतद्वारा मानवबेचबिखनका पीडितहरूलाई अपराधिकीकरण गरेको सवालमा युरोपेली मानव अधिकार अदालतमा आफ्नो मुद्दा जिते। जुनमा लाइबेरियाका विद्रोही समूहका पूर्व कमाण्डर अलिउ कोसियाहलाई स्विट्जरल्याण्डमा युद्ध अपराध र मानवता विरुद्धको अपराधको लागि दोषी ठहर गरियो र २० वर्षको जेल सजाय सुनाइयो। चीनको सिनजियाङ क्षेत्रमा जबर्जस्ती श्रममा लगाउने कार्यमा संलग्न भएकोमा नाइके, पाटागोनिया र C&A लगायतका ठूला बहुराष्ट्रिय कम्पनीहरू विरुद्ध गैरसरकारी संस्थाहरूद्वारा नविन खालका रणनीतिक मुद्दा र फौजदारी उजुरीहरू दायर गरिएको थियो।

सन् २०२१ मा नागरिक समाज र पत्रकारहरूले पनि ठूला टेक कम्पनीको अनुगमन गरे। मानवअधिकार विशेषज्ञहरू र खोज पत्रकारिताबीचको एउटा प्रमुख सहकार्यको प्रयासको रूपमा रहेको पेगासस परियोजनाले असहमतिलाई दबाउन प्रयोग गरिने कपटपूर्ण रणनीतिहरूमाथि प्रकाश पार्दै सरकारका आलोचक र मानवअधिकार रक्षकहरूमाथि राज्यद्वारा भएको निगरानीलाई पर्दाफाश गर्‍यो। नोभेम्बरमा, एक अमेरिकी अदालतले व्हाट्सएपलाई पेगासस स्पाइवेयरको सिर्जनाकर्ता *एनएसओ* समूह विरुद्धको मुद्दा अगाडि बढाउन अनुमति दियो, जसले अदालतमा सूचनाको खुलासाको लागि एउटा प्रमुख ऐतिहासिक क्षणको सुरूवात गरेको छ। यो वर्ष तथ्याङ्क सुरक्षा र गोपनीयता कानूनहरूको उल्लङ्घन गरेकोमा केही टेक कम्पनीहरूलाई ठूलो जरिवानसमेत तिराइएको थियो। जस्तै अमेजनलाई ७४६ युरो, व्हाट्सएपलाई २२५ मिलियन युरो र ग्रिन्डरलाई ६.३४ मिलियन युरो जरिवाना तिर्न लगाइएको थियो।

सर्वसाधारणको समर्थनमा चलेका गैरसरकारी संस्थाहरूले पनि अन्तर्राष्ट्रिय मापदण्ड र संयन्त्रहरूको सकारात्मक विकासमा भूमिका खेले। एम्नेस्टी इन्टरनेसनल लगायतका नागरिक समाज संस्थाहरूले स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारलाई मान्यता दिन र मानव अधिकार र जलवायु परिवर्तनसम्बन्धी तथा अफगानिस्तानको मानवअधिकारको सवालमा विशेष प्रतिवेदकहरूको कार्यादेश सिर्जना गर्न संयुक्त राष्ट्र सङ्घको मानवअधिकार परिषद्मा सफलतापूर्वक लबिङ गरे।

यदि भत्किएका वा टुटेका संरचना र आधरहरू पुनर्निर्माण गर्ने क्रममा यदि सरकारहरूले राम्रोसँग पुनःनिर्माण गरेनन् भने हामीसँग थोरै मात्र विकल्प बाँकी हुनेछ। हामीले हरेक निर्णयको छानबिन गर्नुपर्छ र हाम्रो आवाजलाई दबाउने हरेक प्रयाससँग लड्नुपर्दछ। तर हामी पनि एक अर्कातर्फ उन्मुख हुनुपर्छ। हामीले विश्वव्यापी ऐक्यबद्धताका लागि जनता जनतामाझमा पुगेर थप ठोस, कडा र जोडदार आन्दोलनको निर्माण गर्नैपर्छ। यदि हाम्रा नेताहरूले हामीलाई अधिकारमा डोर्याउँदैनन् भने, अधिकारले हामीलाई एकअर्कामा डोर्याउनुपर्छ।

त्यसका लागि हामीले न्यायप्रति समर्पित एउटा विश्वव्यापी आन्दोलन तय गरी त्यसलाई व्यवस्थित, समर्थित र सक्षम बनाउनु पर्छ। हामीलाई थाहा छ कि अन्ततः हाम्रो भविष्य र हाम्रो भाग्य एक अर्कामा गाँसिएको र एक अर्कामा अन्तर्निर्भर छ — ग्रह र मानिसहरूकै तहमा समेत। हामीलाई यो थाहा छ। हामीले यसलाई बाँच्नुपर्दछ। हामीले जिम्मेवारी लिन आवश्यक छ — मानवअधिकारको जिम्मेवारी - र हामी सबैको हितमा, हामीमध्ये कसैलाई पनि अपवाद नमानिकन हामी प्रत्येकको अधिकारको लागि हामीले एकजुट भएर वैश्विक सुशासनको माग गर्नुपर्छ। अब, हामी सबै मिलेर यसैको मलजल गरौं।

**आग्नेस कालामार्ड, महासचिव, एम्नेस्टी इन्टरनेसनल**